## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# (स्वत: प्रकाशन)

२०८३ बैशाख देखि असारसम्म
सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाडौं

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

विषय सूची


१. पृष्ठभूमिः ........................................................ १

२. मन्त्रालयको काम, कर्तव्य र अधिकारः ........................................................ १

३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः ........................................................ ४

३.१ मन्त्रालयको संगठन संरचनाः ........................................................ ४

३.२ मन्त्रालयको दरबन्दी तेरिजः ........................................................ ५

३.३ मन्त्रालयको पदाधिकारी/कर्मचारी विवरणः ........................................................ ६

३.४ मन्त्रालय अन्तर्गतका महाशाखा/शाखाहरूको कार्य विवरणः ........................................................ १०

४. मन्त्रालयबाट प्रदान गरिने सेवाः ........................................................ १०

५. सेवा प्रदान गर्ने महाशाखा, शाखा र जिम्मेवार अधिकारीः ........................................................ १०

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः ........................................................ ११

७. निवेदन/उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी ........................................................ ११

८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः ........................................................ ११

९. मन्त्रालय र मातहत निकायहरूबाट सम्पादन भएका मुख्य-मुख्य क्रियाकलापहरूः..... ११

१०. संघीयतामा समन्वय तथा सहकार्य सम्वद्ध क्रियाकलापहरुः ........................................................ १८

११. २०८३ असार सम्मको माइलस्टोन सम्बन्धी विवरण ........................................................ १८

१२. आ.व. २०८२/८३ को माइलस्टोनको प्रगति विवरण ........................................................ १८

१३. आ.व. २०८२/८३ को मन्त्रालयसँग सम्बन्धित सूचकको प्रगति विवरण............ २४

१४. २०८३ असार मसान्त सम्मको उद्योग दर्ता विवरण ........................................................ २५

१४.१ उद्योग दर्ता (२०८३ असार मसान्तसम्म) ........................................................ २५

१४.२ आ.व. २०८२/८३ को असार मसान्तसम्मको उद्योग दर्ता (गकतङ्ग हज्रङ्ग)......... २६

१५. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण (यस आ.व.को असार मसान्तसम्मको) ........................................................ २६

१६. बेरूजू र फछ्र्यौटको अवस्था ........................................................ २७

१७. १०० कार्यसूचीको मन्त्रालयसँग सम्बन्धित कार्यहरुको प्रगति ........................................................ २८

१८. बुँदा २ अनुसार मुख्य १० कार्यको कार्ययोजनाको प्रगति ........................................................ २८

१९. ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको अद्यावधिक सूची: ........................................................ २८


नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

नीतिहरू: ........ २८

ऐन तथा नियमावलीहरु: ........ २८

कार्यविधि/कार्ययोजनाहरु: ........ २९

निर्देशिकाहरु: ........ ३०

मापदण्डहरु: ........ ३१

रणनीतिः ........ ३१

अन्य ........ ३१

मन्त्रालयको वेवसाइटमा प्रकाशन भएका मुख्य-मुख्य सूचनाहरू ........ ३१

२०. सूचना मागसम्बन्धी विवरण (२०८३ बैशाख देखि असारसम्म) ........ ३२

२१. मन्त्रालय अन्तर्गतका सूचना प्राप्त गर्न सकिने निकायहरूको विवरण ........ ३२

२२. सूचना अधिकारी, प्रवक्ता, सहायक प्रवक्ता, गुनासो सुन्ने अधिकारी र प्रमुखको नाम र पद ........ ३२

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## १. पृष्ठभूमिः

मुलुकमा औद्योगिक क्रियाकलापहरुलाइ प्रवर्द्धन गर्ने तथा व्यापार व्यवसायका लागि अनुकूल वातावरण तयार गर्ने हेतुले तत्कालीन प्रधानमन्त्री जुद्धसमशेर जंगबहादुर राणाबाट वि.सं. १९९३ सालमा उद्योग परिषदको स्थापना भएको थियो। सोही वर्ष नेपालमा पहिलोपटक कम्पनी सम्बन्धी कानून र औद्योगिक व्यवसायसँग सम्बन्धित कानून लागु भएका थिए। वि.सं. २०३८ सालमा उद्योग तथा वाणिज्य मन्त्रालयको स्थापना भएकोमा वि.सं. २०४० सालमा सो मन्त्रालयको क्षेत्राधिकार बढाई आपूर्तितर्फको जिम्मेवारी समेत प्रदान गरियो। तत्पश्चात् सोही सालमा उद्योग, वाणिज्य र आपूर्ति गरी तीनवटा मन्त्रालयको स्थापना गरी अस्तित्वमा रहेको पाइन्छ। वि.सं. २०५७ सालमा उद्योग, वाणिज्य र आपूर्ति मन्त्रालयलाइ एक आपसमा गाभी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको स्थापना भएकोमा पछि २०६५ सालमा सो मन्त्रालयलाई उद्योग मन्त्रालय र वाणिज्य तथा आपूर्ति मन्त्रालय गरी दुइ फरक मन्त्रालयको रुपमा पुनर्गठन गरिएको थियो। तत्पश्चात् वि.सं. २०७२ सालमा वाणिज्य तथा आपूर्ति मन्त्रालयलाइ विभाजन गरी वाणिज्य मन्त्रालय र आपूर्ति मन्त्रालय गरी दुइ फरक मन्त्रालयको गठन गरिएको थियो। नेपाल सरकार मन्त्रिपरिषद्को वि.सं. २०७४ को निर्णय अनुसार यी तीनवटै मन्त्रालयलाई एक आपसमा गाभी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय गठन भएको छ। यस मन्त्रालय विशिष्ट र संवेदनशील प्रकृतिको कार्यक्षेत्र भएको नेपाल सरकारको एउटा महत्वपूर्ण मन्त्रालय हो। मुलुकको उद्योग, वाणिज्य र उपभोग्य सामग्रीको आपूर्ति क्षेत्रलाई सबल र सुदृढ तुल्याउँदै औद्योगिक वातावरण सिर्जना, लगानी प्रवर्द्धन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको प्रवर्द्धन, सहजीकरण र नियमन, औद्योगिक सम्पत्तिको संरक्षण, औद्योगिक पूर्वाधारको व्यवस्था जस्ता मुख्य कार्यमा मन्त्रालय संलग्न रहँदै आएको छ। यसको लागि उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रसँग सम्बद्ध आवश्यक नीति तथा कार्यक्रमहरूको तर्जुमा गर्ने, तर्जुमा गरिएका नीति तथा कार्यक्रमहरूलाई विभिन्न मन्त्रालय, नेपाल सरकारका अन्य निकाय, निजी क्षेत्र तथा दातृनिकायसँग समन्वय गरी कार्यान्वयन गर्ने, सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मुल्याँकन गरी पृष्ठपोषण गर्ने लगायतका कार्यमा मन्त्रालय संलग्न रहदै आएको छ। मन्त्रालयले नेपाल सरकार (कार्यविभाजन) नियमावली २०८३, आपूर्ति नीति, २०६९, औद्योगिक नीति, २०६७, वाणिज्य नीति, २०८१, नेपाल व्यापार एकिकृत रणनीति २०८०, आवधिक योजनाहरू लगायत वाणिज्य क्षेत्रसँग सम्बद्ध ऐन तथा नियमावलीले निर्दिष्ट गरे बमोजिम उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रको विकास र प्रवर्द्धन गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकारः

**नेपाल सरकार कार्यविभाजन नियमावली, २०८३ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र देहायबमोजिम रहेको छ।**

१. औद्योगिक नीति, कानून, मापदण्ड र नियमन;
२. औद्योगिक कोरिडोर, औद्योगिक पार्क वा ग्राम र निर्यात प्रशोधन केन्द्र;
३. औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
४. वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन;
५. उद्योग, औद्योगिक व्यवसाय र कम्पनीसम्बन्धी;
६. उद्योग तथा खनिजसम्बन्धी पूर्वाधार नीति, कानून, मापदण्ड, समन्वय र नियमन;
७. सुरक्षा संवेदनशील उद्योग दर्ता, सञ्चालन अनुमति, खारेजी र नियमन;
८. औद्योगिक प्रविधि विकास र हस्तान्तरण;
९. अन्तर्राष्ट्रिय औद्योगिक सङ्घ संस्थासँग सम्पर्क र समन्वय;
१०. केन्द्रीय कारागार कारखाना;
११. करार, साझेदारी र एजेन्सीसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

१२. रुग्ण उद्योग तथा दामासाहीमा परेका उद्योग वा व्यावसायिक फर्म व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;

१३. पेटेन्ट, डिजाइन, ट्रेडमार्क, भौगोलिक सङ्केत (जोग्राफिकल इन्डिकेसन) औद्योगिक बौद्धिक सम्पत्तिसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र प्रवर्द्धन एवम् सोसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ-संस्थासँग सम्पर्क र समन्वय;

१४. नवीन सोच, सीप र प्रविधिमा आधारित स्टार्टअप कार्यक्रम व्यवस्थापन;

१५. नापतौल तथा गुणस्तरसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन एवं सोसम्बन्धी अन्तर्राष्ट्रिय निकायसँग सम्पर्क र समन्वय;

१६. वस्तु, सेवा, प्रक्रिया र प्रणालीका राहिय गुणस्तर निर्धारण, प्रत्यायन (एक्रेडिटेशन) र प्रत्यायन बोर्ड;

१७. खानी तथा खनिजसम्बन्धी राहिय नीति, कानून, मापदण्ड र नियमन;

१८. रेडियोधर्मी पदार्थ, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्यास र बहुमूल्य पदार्थ तथा ठूला खानी तथा खनिज पदार्थसम्बन्धी सर्वेक्षण, अन्वेषण र उत्खनन, दर्ता, अनुमति र नियमन;

१९. भौगोलिक अध्ययन तथा अनुसन्धान र नक्सा;

२०. खानी तथा खनिजजन्य वस्तुहरूको लगत सङ्कलन तथा अभिलेखन र अनुसन्धान एवं उत्खननसम्बन्धी राहिय प्रयोगशालाको स्थापना र सञ्चालन;

२१. भूकम्पीय अध्ययन एवं अनुसन्धान, भूकम्प निगरानी, भूकम्प मापन केन्द्रहरूको सञ्चालन;

२२. अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन;

२३. द्विपक्षीय र अन्तर्राष्ट्रिय व्यापार तथा पारवहन तथा सोसम्बन्धी द्विपक्षीय, क्षेत्रीय, उपक्षेत्रीय र बहुपक्षीय वार्ता, सन्धि सम्झौता, कार्यान्वयन र नियमन;

२४. राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरणसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन;

२५. विश्व व्यापार सङ्गठनलगायत बहुपक्षीय व्यापारसम्बन्धी अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क, समन्वय, वार्ता, सम्झौताको कार्यान्वयन र अनुगमन;

२६. साफ्टा, बिमस्टेकलगायत क्षेत्रीय र उपक्षेत्रीय व्यापार तथा स्वतन्त्र व्यापार क्षेत्रसम्बन्धी संस्थासँगको सम्पर्क, समन्वय, वार्ता, सम्झौता, कार्यान्वयन र अनुगमन;

२७. राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापारिक कारोबारको व्यवस्थापन र नियमन;

२८. निकासी प्रवर्द्धन, पैठारी व्यवस्थापन तथा नियमन;

२९. राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी तथ्याङ्क, अध्ययन, अनुसन्धान र सर्वेक्षण;

३०. राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार मेला तथा प्रदर्शनीको सञ्चालन र सहभागिता;

३१. व्यापारका लागि सहयोग (एड फर ट्रेड);

३२. अन्तर्राष्ट्रिय व्यापारका सन्दर्भमा विदेशस्थित नियोगसँग समन्वय;

३३. अन्तरप्रादेशिक व्यापारसम्बन्धी नीति, कानून, सहजीकरण र नियमन;

३४. पारवहन, अन्तर्राष्ट्रिय परिवहन व्यवस्था, बहुविधिक (मल्टिमोडल) ढुवानीसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन;

३५. सुख्खा बन्दरगाह, अन्तर्राष्ट्रिय कन्टेनर फ्रेट स्टेसन, क्लियरिङ्ग/अन्डरटेकिङ्ग सेवा, ट्रेड लजिष्टिक्स, कार्गो गोदामसम्बन्धी नीति तथा सञ्चालन;

३६. अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी फर्म तथा संस्थाहरूको नियमन;

३७. राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी भौतिक पूर्वाधारहरूको विकास, विस्तार र सञ्चालन;

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

३८. उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;

३९. उपभोक्ता हक संरक्षण तथा प्रवर्द्धनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;

४०. अत्यावश्यक वस्तुहरूको राष्ट्रिय मौज्दात (बफरस्टक), सार्वजिनक गोदाम तथा राष्ट्रियस्तरमा अत्यावश्यक वस्तु तथा सेवाको सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था;

४१. पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, निर्धारण, मूल्य निर्धारण, आपूर्ति, पूर्वाधार विकास र नियमन;

४२. आन्तरिक बजार व्यवस्थापन तथा प्रतिस्पर्धा प्रवर्द्धन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रणसम्बन्धी नीति, कानून र नियमन;

४३. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;

४४. मन्त्रालयसँग सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, बोर्ड, केन्द्र, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;

४५. सेवाअन्तगतका माइनिङ इन्जिनियरिङ्ग, केमिकल इन्जिनियरिङ्ग, मेटालर्जिकल इन्जिनियरिङ्ग, मेट्रोलजी, केमेष्ट्री समूह र जियोलजी समूहको जनरल जियोलजी उपसमूहको सञ्चालन।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः

### ३.१ मन्त्रालयको संगठन संरचनाः




सचिव

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

# ३.२ मन्त्रालयको दरबन्दी तेरिजः

अनसूचि ३.२

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको दरबन्दी तेरिज

| क.सं. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | मौजुदा दरबन्दी | | | | प्रस्तावित दरबन्दी | | प्रस्तावित दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | उद्योग | वाणिज्य | आपूर्ति | जम्मा | थप | घट | | |
| १ | सचिव | विशिष्ट | | | | १ | १ | १ | ३ | - | - | ३ | |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | | | ३ | २ | २ | ७ | - | - | ७ | |
| ३ | सहसचिव | रा.प.प्रथम | इञ्जिनियरिङ्ग | | | १ | | | १ | - | -१ | ० | |
| ४ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | | ९ | ९ | ६ | २४ | - | -५ | १९ | |
| ५ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | लेखा | | १ | १ | १ | ३ | - | -२ | १ | |
| ६ | उपसचिव | रा.प.द्वितीय | न्याय | कानून | | १ | १ | १ | ३ | - | -२ | १ | |
| ७ | उपसचिव | रा.प.द्वितीय | इञ्जिनियरिङ्ग | केमिकल | | १ | | | १ | - | - | १ | |
| ८ | उपसचिव | रा.प.द्वितीय | इञ्जिनियरिङ्ग | मेकानिकल | ज.मे. | १ | | | १ | - | - | १ | |
| ९ | उप सचिव तथ्याङ्क | रा.प.द्वितीय | तथ्याङ्क | | | ० | ० | ० | ० | १ | - | १ | |
| १० | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | | १६ | १७ | १६ | ४९ | - | -१६ | ३३ | |
| ११ | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | आयो तथा त. | तथ्याङ्क | | | | १ | १ | ० | - | १ | |
| १२ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | १ | १ | १ | ३ | - | -१ | २ | |
| १३ | पुस्तकालय अधिकृत | रा.प.तृतीय | शिक्षा | पुस्तकालय | | १ | | | १ | - | - | १ | |
| १४ | कम्प्यूटर अधिकृत | रा.प.तृतीय | विविध | | | २ | १ | | ३ | - | -३ | ० | |
| १५ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | | ० | ० | ० | ० | १ | - | १ | |
| १६ | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | विविध | | | ० | ० | ० | ० | १ | - | १ | |
| १७ | अर्थशास्त्री | रा.प.तृतीय | विविध | | | १ | | | १ | - | -१ | ० | |
| १८ | मेकानिकाल इञ्जिनियर | रा.प.तृतीय | इञ्जिनियरिङ्ग | मेकानिकल | ज.मे. | १ | | | १ | - | - | १ | |
| १९ | औद्योगिक इञ्जिनियर | रा.प.तृतीय | इञ्जिनियरिङ्ग | मेकानिकल | ज.मे. | १ | | | १ | - | -१ | ० | |
| २० | इन्जिनियर | रा.प.तृतीय | इञ्जिनियरिङ्ग | सिभिल | जनरल | ० | ० | ० | ० | १ | - | १ | |
| २१ | वातावरण निरीक्षक | रा.प.तृतीय | इञ्जिनियरिङ्ग | | | ० | ० | ० | ० | १ | - | १ | |
| २२ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | | ९ | १४ | ६ | २९ | - | -६ | २३ | |
| २३ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | | १ | १ | १ | ३ | - | -१ | २ | |
| २४ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | | ७ | ८ | ९ | २४ | - | -११ | १३ | |
| २५ | टाइपिष्ट | बेग अनुसार | प्रशासन | सा.प्र. | | २ | १ | ० | ३ | - | -३ | ० | |
| २६ | सवारी चालक | श्रेणी बिहीन | | | | ७ | ६ | ५ | १८ | - | -४ | १४ | |
| २७ | का.स. / कुचिकार/माली/पाले | श्रेणी बिहीन | प्रशासन | | | २३ | १४ | १० | ४७ | - | -२३ | २४ | |
| जम्मा | | | | | | ९० | ७७ | ६० | २२७ | ५ | -८० | १५२ | |
| कूल थप/घट | | | | | | -७५ | | | | | | | |

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ३.३ मन्त्रालयको पदाधिकारी/कर्मचारी विवरणः

| पद | नाम/थर | इन्टर कम | फोन नं. | कोठा नं. |
|---|---|---|---|---|
| माननीय मन्त्रिज्यूको स्वकीय सचिवालय | | | | |
| **मन्त्री** | **गौरी कुमारी** | **१९०३** | **४२११९०३** | **२०५** |
| स्वकीय अधिकृत | गुन्जन शाह | **१६४३** | **४२११६४३** | **२०८** |
| माननीय मन्त्रिज्यूको निजी सचिवालय | | | | |
| उपसचिव (निजी सचिव) | सन्ध्या सिग्देल | १२९१ | ४२११२९१ | २०८ |
| शाखा अधिकृत | शैलेश यादव | | | |
| नायब सुब्बा | सरोज पौडेल | | | २०८ |
| नायव सुब्बा | निशेन्द्र राज नेपाली | १४६० | ४२११४६० | ४०४ |
| सचिवज्यूको सचिवालय | | | | |
| **सचिव** | **नारायणप्रसाद शर्मा दुवाडी** | | | **३०५** |
| शाखा अधिकृत | दिपशिखा आले | १५७९ | ४२११५७९ | ३०५ |
| नायव सुब्बा | विदुर कुमार भण्डारी | १५७९ | ४२११५७९ | ३०५ |
| प्रशासन तथा संस्थान महाशाखा | | | | |
| **सहसचिव** | **रामबन्धु सुवेदी** | **१४३८** | **४२११४३८** | **४१५** |
| प्रशासन शाखा | | | | |
| **उपसचिव** | **रामहरि पाण्डे** | १९६७ | ४२११९६७ | ५०३ |
| शाखा अधिकृत | निशा लौडारी | १६७५ | ४२११६७५ | ५०५ |
| शाखा अधिकृत | राम प्रसाद गोतामे | १६७५ | ४२११६७५ | ५०५ |
| नायव सुब्बा | सुन्दर प्रजापति | १४५६ | ४२१११६८६ | ५०८ |
| नायब सुब्बा | पुष्पराज घिमिरे | १४५६ | ४२१११६८६ | ५०८ |
| कम्प्युटर अपरेटर | जगदीश प्रसाद भट्ट | १४५६ | ४२१११६८६ | ५०८ |
| सरकारी उद्योग तथा संस्थान शाखा | | | | |
| **उपसचिव** | **मुनका न्यौपाने** | १५३२ | ४२११५३२ | ३०४ |
| शाखा अधिकृत | सुमित मगर | १४९९ | ४२११४९९ | ३०६ |
| शाखा अधिकृत | मौसम श्रेष्ठ | १४९९ | ४२११४९९ | ३०६ |
| नायव सुब्बा | शान्ता भट्टराई | १४९९ | ४२११४९९ | ३०६ |
| नायव सुब्बा | यज्ञ प्रसाद आचार्य | १४४६ | ४२११४४६ | ३०६ |
| कम्प्युटर अपरेटर | खेम बहादुर दुरा | १४९९ | ४२११४९९ | ३०६ |
| कानून तथा फैसला कार्यान्वयन शाखा | | | | |
| उपसचिव (कानून) | **ओम प्रकाश बराल** | १५४४ | ४२११५४४ | ५१० |
| कानून अधिकृत | कपिल जंग रावल | १५४४ | ४२११५४४ | ५१० |
| नायव सुब्बा | कबिता बुढाथोकी | १५४४ | ४२११५४४ | ५१० |
| आर्थिक प्रशासन शाखा | | | | |
| उपसचिव (लेखा) | **उदय राज भट्टराई** | १४९७ | ४२११४९७ | ३१५ |
| लेखा अधिकृत | सुस्मा गौतम | १४५१ | ४२११४५१ | २१७ |
| लेखा अधिकृत | श्रीराम शर्मा | १५४० | ४२११५४० | ३१५ |



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| पद | नाम/थर | इन्टर कम | फोन नं. | कोठा नं. |
|---|---|---|---|---|
| लेखापाल | शिब पौडेल | १४५१ | ४२११४५१ | ३१७ |
| लेखापाल | तिलक बहादुर राई | १५४० | ४२११५४० | ३१५ |
| जिन्सी | | | | |
| शाखा अधिकृत | दिपेश उप्रेती खत्री | १४५९ | ४२११४५९ | ११० |
| नायव सुब्बा | अमरराज जोशी | १४५९ | ४२११४५९ | ११४ |
| कम्प्युटर अपरेटर | पुरुषोत्तम प्रसाद भट्ट | १४५९ | ४२११४५९ | ११४ |
| कम्प्युटर टेक्निसियन | उद्धव कुमार राउत | १४५९ | ४२११४५९ | ११४ |
| दर्ता/चलानी | | | | |
| नायव सुब्बा | निरज परियार | १४५५ | ४२११४५५ | |
| कम्प्युटर अपरेटर | लक्ष्मी भट्ट | १४५५ | ४२११४५५ | |
| कम्प्युटर अपरेटर | सुरेन्द्र तामाङ्ग | १४५५ | ४२११४५५ | |
| आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखा | | | | |
| सहसचिव | | १४६३ | ४२११४६३ | |
| नायव सुब्बा | सन्तोष कोइराला | १४६३ | ४२११४६३ | |
| नायव सुब्बा | राजकुमार भुसाल | १४६३ | ४२११४६३ | |
| कम्प्युटर अपरेटर | अम्बिका प्याकुरेल | १४६३ | ४२११४६३ | |
| आपूर्ति नीति तथा नियमन शाखा | | | | |
| उपसचिव | कविता निरौला ढुङ्गेल | १६३१ | ४२११६३१ | |
| शाखा अधिकृत | मंगल बहादुर बिष्ट | | | |
| शाखा अधिकृत | दुर्गा दत्त भट्ट | | | |
| उपभोक्ता हित संरक्षण तथा समन्वय शाखा | | | | |
| उपसचिव | विनोद प्रसाद उपाध्याय | १४४९ | ४२११४४९ | |
| शाखा अधिकृत | ग्रीष्मा शर्मा | १४४९ | ४२११४४९ | |
| शाखा अधिकृत | | १४४९ | ४२११४४९ | |
| बजार अनुसन्धान तथा नियमन शाखा | | | | |
| उपसचिव | दुर्गा प्रसाद भुसाल | १४४८ | ४२११४४८ | |
| शाखा अधिकृत | गीता तिवारी | १४४९ | ४२११४४९ | |
| शाखा अधिकृत | प्रतीक्षा घिमिरे | | | |
| बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा | | | | |
| सहसचिव | हुमकला पाण्डे | १४६० | ४२११४६० | ४०४ |
| नायव सुब्बा | मीन बहादुर बि.क. | १६४३ | ४२११६४३ | ४०४ |
| कम्प्युटर अपरेटर | पवित्रा के.सी. | १६४३ | ४२११६४३ | ४०४ |
| बहुपक्षीय व्यापार शाखा | | | | |
| उपसचिव | हरिचन्द्र जोशी | १२९२ | ४२११२९२ | ४०५ |
| शाखा अधिकृत | दीक्षा थापा | १२९२ | ४२११२९२ | ४०१ |
| शाखा अधिकृत | कविता गौतम | | | |
| व्यापार नीति तथा व्यापार सहायता शाखा | | | | |



नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

| पद | नाम/थर | इन्टर कम | फोन नं. | कोठा नं. |
|---|---|---|---|---|
| उपसचिव | रस्मिता सिंखडा | १२९३ | ४२११२९३ | ४०३ |
| शाखा अधिकृत | गणेश पाण्डे | १४५७ | ४२११४५७ | ४१० |
| शाखा अधिकृत | सुमन आचार्य | १४५७ | ४२११४५७ | ४१० |
| औद्योगिक पूर्वाधार तथा वातावरण महाशाखा | | | | |
| सहसचिव | युवराज अधिकारी | ००५२ | १४२०००५२ | २१६ |
| कम्प्युटर अपरेटर | रिता कुमारी आचार्य | ५७६ | | २१६ |
| नायब सुब्बा | शोभा पाण्डे | ५७६ | | २१६ |
| औद्योगिक पूर्वाधार शाखा | | | | |
| उपसचिव | जोरा सिंह माझी | १४३४ | ४२११४३४ | २१७ |
| शाखा अधिकृत | वीणा नेम्कुल श्रेष्ठ | १४५८ | ४२११४५८ | २१० |
| सिभिल इन्जिनियर | नीता कुमारी ईशर | १४५८ | ४२११४५८ | २१० |
| वातावरण शाखा | | | | |
| सिनियर डिभिजनल मेकानिकल इन्जिनियर | श्रीकान्त यादव | | | |
| मेकानिकल इन्जिनियर | कृष्ण बहादुर सोडारी | | | २१३ |
| औद्योगिक गुणस्तर तथा प्रविधि शाखा | | | | |
| सिनियर डिभिजनल केमिकल इन्जिनियर | रौशन कुमार | १४५८ | ४२११४५८ | २१४ |
| मेकानिकल इन्जिनियर | सन्तोष कोइराला | १४५८ | ४२११४५८ | २१० |
| योजना, अनुगमन तथा मूल्यांकन महाशाखा | | | | |
| सहसचिव | नेत्र प्रसाद सुवेदी | ११६६ | ४२१११६६ | ४०६ |
| नायव सुब्बा | लोकनाथ लामिछाने | १४३७ | ४२११४३७ | ४०६ |
| कम्प्युटर अपरेटर | विज्ञान शर्मा लुइटेल | १४३७ | ४२११४३७ | ४०६ |
| अनुगमन तथा मूल्यांकन शाखा | | | | |
| उपसचिव | बैकुण्ठ प्रसाद सापकोटा | १४५६ | ४२११४५६ | ४१४ |
| शाखा अधिकृत | तारा बहादुर तामाङ | | | |
| नायब सुब्बा | हरिकृष्ण फुयाल | | | |
| योजना तथा बजेट व्यवस्थापन शाखा | | | | |
| उपसचिव | रामकृष्ण श्रेष्ठ | | ४२००५२५ | ४०८ |
| शाखा अधिकृत | संगिता चौलागाई | १४५३ | ४२११४५३ | ४०९ |
| शाखा अधिकृत | चन्द्र देव जोशी | १४५३ | ४२११४५३ | ४११ |
| नायब सुब्बा | हस्त बहादुर शाही | १४५३ | ४२११४५३ | ४११ |
| सूचना प्रविधि शाखा | | | | |
| उपसचिव | | १५०० | ४२११५०० | ४१२ |
| कम्प्युटर इन्जिनियर | शरोज पोखरेल | | | |
| पुस्तकालय अधिकृत | साबित्री पौडेल लोहनी | | | |
| नायब सुब्बा | इश्वर पौडेल | | | |
| कम्प्युटर अपरेटर | उषादेवी चापागाईं | | | |
| अनुसन्धान तथा तथ्याङ्क शाखा | | | | |

| पद | नाम/थर | इन्टर कम | फोन नं. | कोठा नं. |
|---|---|---|---|---|
| उपसचिव (तथ्याङ्क) | अनिता काफ्ले | १५३९ | ४२११५३९ | ३०३ |
| तथ्याङ्क अधिकृत | | | | |
| द्विपक्षीय तथा क्षेत्रीय व्यापार महाशाखा | | | | |
| **सहसचिव** | **बुद्ध बहादुर गुरुङ्ग** | **१५३३** | **४२११५३३** | **३१०** |
| नायव सुब्बा | कमल प्रसाद निरौला | १५४६ | ४२११५४६ | ३१० |
| नायव सुब्बा | मन्जु कुमारी शर्मा | १५४६ | ४२११५४६ | ३१० |
| कम्प्युटर अपरेटर | शेर बहादुर बयक | १५४६ | ४२११५४६ | ३१० |
| द्विपक्षीय व्यापार तथा पारवाहन शाखा (भारत) | | | | |
| उपसचिव | सीता निरौला फुँयाल | १४९६ | ४२११४९८ | ३११ |
| शाखा अधिकृत | सुसिल पकुवाल | ११६६ | ४२१११६६ | ३०८ |
| शाखा अधिकृत | प्रकाश घिमिरे | ११६६ | ४२११५४१ | ३१८ |
| द्विपक्षीय व्यापार तथा पारवाहन शाखा (चीन) | | | | |
| उपसचिव | तुल्सीराम अर्याल | १७५२ | ४२११७५२ | २१३ |
| शाखा अधिकृत | राजन कँडेल | १५९४ | ४२११५९४ | ३०९ |
| क्षेत्रीय र अन्य द्विपक्षीय व्यापार तथा पारवाहन शाखा | | | | |
| उपसचिव | सूर्य प्रसाद चापागाईं | १५३८ | ४२१५३८ | ३१४ |
| शाखा अधिकृत | दिनेश शर्मा | १५९४ | ४२११५९४ | ३१८ |
| शाखा अधिकृत | असिम रेग्मी | १५९४ | ४२११५९४ | ३१८ |
| निर्यात प्रवर्द्धन तथा व्यापार सहजीकरण शाखा | | | | |
| उपसचिव | चेतनाथ अर्याल | १४६२ | ४२११४६२ | ३१६ |
| शाखा अधिकृत | विशाल मिश्रा | १५४१ | ४२११५४१ | ३१८ |
| शाखा अधिकृत | संगिता धिताल | १५४१ | ४२११५४१ | ३०९ |
| औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा | | | | |
| **सहसचिव** | **कल्पना श्रेष्ठ** | **१४४०** | **४२११४४०** | |
| नायब सुब्बा | लिलम वि.के. | १४४० | ४२११४४० | |
| नायव सुब्बा | सुमन भट्टराई | १४४० | ४२११४४० | |
| घरेलु, साना तथा मझौला उद्योग प्रवर्द्धन शाखा | | | | |
| उपसचिव | अन्जु पोखरेल | १४५३ | ४२११४५३ | |
| शाखा अधिकृत | एकनाथ बास्तोला | | | |
| बैदेशिक लगानी तथा बौद्धिक सम्पत्ति शाखा | | | | |
| उपसचिव | सृजना तिवारी | १५८९ | ४२११५८९ | |
| शाखा अधिकृत | भेषराज शर्मा | १४४५ | ४२११४४५ | |
| शाखा अधिकृत | रुद्रहरि पुरी | १४४५ | ४२११४४५ | |
| औद्योगिक नीति तथा सहजीकरण शाखा | | | | |
| उपसचिव | भिम प्रसाद भट्टराई | १४९६ | ४२११४९६ | |
| शाखा अधिकृत | ज्योती पौडेल | १४५० | ४२११४५० | |
| शाखा अधिकृत | अमुल श्रेष्ठ | | | |



नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

### ३.४ मन्त्रालय अन्तर्गतका महाशाखा/शाखाहरूको कार्य विवरणः

यस मन्त्रालयका महाशाखा/शाखाहरूको कार्य विवरण देहायको Link मा छ।
https://moics.gov.np/pages/954712031/

## ४. मन्त्रालयबाट प्रदान गरिने सेवाः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ मा उल्लिखित एवं अन्य सबै मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका आदिबाट तोकिएका कामहरू र सो सँग सम्बन्धित सेवाहरु प्रदान गरिएको छ।

## ५. सेवा प्रदान गर्ने महाशाखा, शाखा र जिम्मेवार अधिकारीः

| क.म | मन्त्रालय/महाशाखा/शाखा | जिम्मेवार अधिकारीको नाम/थर/पद |
|---|---|---|
| उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | | सचिव- नारायणप्रसाद शर्मा दुवाडी |
| माननीय मन्त्रीज्यूको सचिवालय | | उपसचिव- सन्ध्या सिग्देल |
| प्रशासन तथा संस्थान महाशाखा | | सहसचिव- रामबन्धु सुवेदी |
| १ | प्रशासन शाखा | उपसचिव- रामहरि पाण्डे |
| २ | आर्थिक प्रशासन शाखा | उपसचिव (लेखा)-उदयराज भट्टराई |
| ३ | सरकारी उद्योग तथा संस्थान शाखा | उपसचिव- मुनका न्यौपाने |
| ४ | कानून तथा फैसला कार्यान्वयन शाखा | उपसचिव- ओमप्रकाश बराल |
| बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा | | सहसचिव- हुमकला पाण्डे |
| १ | बहुपक्षीय व्यापार शाखा | उपसचिव- हरिचन्द्र जोशी |
| २ | व्यापार नीति तथा व्यापार सहायता शाखा | उपसचिव- रस्मिता सिंखडा |
| द्विपक्षीय तथा क्षेत्रीय व्यापार महाशाखा | | सहसचिव- बुद्ध बहादुर गुरुङ |
| १ | द्विपक्षीय व्यापार तथा पारवाहन शाखा (भारत) | उपसचिव -सीता निरौला फुयाल |
| २ | द्विपक्षीय व्यापार तथा पारवाहन शाखा (चीन) | उपसचिव- तुल्सीराम अर्याल |
| ३ | क्षेत्रीय र अन्य द्विपक्षीय व्यापार तथा पारवाहन शाखा | उपसचिव- सूर्य प्रसाद चापागाईं |
| ४ | निर्यात प्रवर्द्धन तथा व्यापार सहजीकरण शाखा | उपसचिव- चेतनाथ अर्याल |
| आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखा | | सहसचिव- |
| १ | आपूर्ति नीति तथा नियमन शाखा | उपसचिव- कविता निरौला ढुङ्गेल |
| २ | उपभोक्ता हित संरक्षण तथा समन्वय शाखा | उपसचिव- विनोद प्रसाद उपाध्याय |
| ३ | बजार अनुसन्धान तथा नियमन शाखा | उपसचिव- दुर्गा प्रसाद भुसाल |
| औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा | | सहसचिव- कल्पना श्रेष्ठ |
| १ | औद्योगिक नीति तथा सहजीकरण शाखा | उपसचिव- भीमप्रसाद भट्टराई |
| २ | वैदेशिक लगानी तथा बौद्धिक सम्पत्ति शाखा | उपसचिव- सृजना तिवारी |
| ३ | घरेलु साना तथा मझौला उद्योग प्रवर्द्धन शाखा | उपसचिव- अन्जु पोखरेल |
| योजना, अनुगमन तथा मूल्यांकन महाशाखा | | सहसचिव- नेत्र प्रसाद सुवेदी |
| १ | योजना तथा बजेट व्यवस्थापन शाखा | उपसचिव- रामकृष्ण श्रेष्ठ |
| २ | अनुगमन तथा मूल्यांकन शाखा | उपसचिव- बैकुण्ठ सापकोटा |



नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

| क.म | मन्त्रालय/महाशाखा/शाखा | जिम्मेवार अधिकारीको नाम/थर/पद |
|---|---|---|
| ३ | सूचना प्रविधि शाखा | उपसचिव- |
| ४ | अनुसन्धान तथा तथ्यांक शाखा | उपसचिव- अनिता काफ्ले |
| **औद्योगिक पूर्वाधार तथा वातावरण महाशाखा** | | **सहसचिव- युवराज अधिकारी** |
| १ | औद्योगिक पूर्वाधार शाखा | उपसचिव- जोरा सिंह माझी |
| २ | वातावरण शाखा | सि.डि.मे.ई- श्रीकान्त यादव |
| ३ | औद्योगिक गुणस्तर तथा प्रविधि शाखा | सि.के.डि.ई.- रौशन कुमार |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

- मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका आदिबाट तोकिएबमोजिम दस्तुर र अवधि लाग्ने।

## ७. निवेदन/उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त निवेदनहरु जिम्मेवार अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारवाहीको लागि पठाइने र शाखा प्रमुखबाट प्रचलित कानून एवम् स्वीकृत कार्यविधि बमोजिम कारवाही प्रक्रिया अगाडि बढाइने।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

सचिव श्री नारायणप्रसाद शर्मा दुवाडी

## ९. मन्त्रालय र मातहत निकायहरूबाट सम्पादन भएका मुख्य-मुख्य क्रियाकलापहरूः

**क) योजना, अनुगमन तथा मूल्यांकनः**

- GIOMS सम्बन्धी प्रशिक्षण/User Manual तयारी सहित कार्यान्वयन र DASHBOARD तयार गरी डिस्प्ले गरिएको।
- LMBIS, MTEF, Project Bank, एकीकृत अनलाईन अनुगमन प्रणाली सम्बन्धी तालिम सञ्चालन भएको।
- साइवर सुरक्षा र एआई/Website सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको।
- आ.व. २०८३/८४ का लागि आर्थिक सर्भेक्षण विवरण तयारी, MTEF, Project Bank Entry, नीति तथा कार्यक्रम र बजेट तयारी र पुस्तिका प्रकाशन भएको।
- २०८२/०८३ को Milestone को मासिक/वार्षिक प्रगति प्रविष्टि र आ.व. २०८३/८४ को वार्षिक कार्ययोजना (माइलस्टोन र सूचक सहित) तयार गरिएको।
- संसदमा उठेका सबालहरुको जवाफ/ब्रिफिङ र प्रस्तुती सामग्री तयारीमा संयोजन गरेको।
- सुशासन मार्गचित्र तयारी, शासकीय सुधारका १०० कार्यसूचीको प्रगति विवरण तयार गरेको।
- केही निकाय एवम् कार्यक्रमको अनुगमन तथा पृष्ठपोषण (OCR, लघु घरेलु तथा साना उद्योग

प्रवर्द्धन केन्द्र, खानी तथा भूगर्भ विभाग, पारवाहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेड, IEDI, MEDPA, केही औद्योगिक पूर्वाधार) कार्य गरेको।

**ख) औद्योगिक तथा व्यापार पूर्वाधार विकास कार्यक्रमः**

- प्रत्यायन नियमावली, २०८३ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई मिति २०८३/०२/२१ मा नेपाल राजपत्रमा प्रकाशन भएको।
- खानी तथा खनिज पदार्थ विद्येयकको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भई संघीय संसदमा पेश गरिएको।
- वन क्षेत्र प्रयोग, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन लगायतका विषयमा कृषि, वन तथा पर्यावरण मन्त्रालयसँग समन्वय गरिएको । वन क्षेत्र भोगाधिकारका लागि खानी तथा अन्य उद्योग/आयोजना गरी जम्मा १३ वटा फाइल वन तथा वातावरण मन्त्रालय पठाईएको तथा बिभिन्न उद्योग/आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदनको १६ वटा फाइल पठाईएकोमा ५ वटा स्वीकृत भएको।
- भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालन मापदण्ड तथा कार्यविधि, २०७१ (संशोधन सहित) खारेज भएको र सो क्षेत्रको मासिक भाडादर प्रति बर्ग मिटर रु २० बाट घटाई रु. ५ कायम गरिएको ।
- United Nations Environment Programme-UNEP बाट राष्ट्रिय ओजोन इकाइलाई प्राप्त हुने USD 2,29,000 आर्थिक सहायता अनुदान नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनका लागि नेपाल गुणस्तर तथा नापतौल विभागमा पठाईएको ।
- नेपाल स्वच्छ वायु तथा समृद्धि आयोजना (Nepal Clean Air and Prosperity Project-NCAP) अन्तर्गतको आयोजना कार्यान्वयनार्थ Project Steering Committee (PSC) र Project Implementation Unit (PIU) स्थापना गरिएको ।

**ग) औद्योगिक लगानी तथा व्यापार प्रवर्द्धन कार्यक्रमः**

- कम्पनी कानून सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३ र औद्योगिक बौद्धिक सम्पत्ति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३ को मस्यौदा तर्जुमा सहमतिका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।
- औद्योगिक नीतिको मस्यौदा तयार गरि सरोकारवालाहरुको रायसुझाव संकलन गरिएको। स्टार्ट अप उद्यमको दर्ता प्रणाली र व्यवस्थापनलाई प्रविधिमैत्री र छिटो बनाउन **स्टार्टअप फास्ट ट्रयाक कार्ययोजना** जारी गरी कार्यान्वयनमा ल्याइएको।
- निजी क्षेत्रलाई संरक्षण गरी नीजि लगानी प्रोत्साहन गर्न **निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन रणनीति** जारी भएको।
- एशियाली उत्पादकत्व संगठन(APO) को प्राविधिक सहयोगमा नेपालको समग्र आर्थिक वृद्धि, औद्योगिक क्षमता विकास र उत्पादकत्व अभिवृद्धिका लागि तर्जुमा भएको राष्ट्रिय उत्पादकत्व गुरुयोजना (National Productivity Master Plan) को अन्तिम प्रतिवेदन मन्त्रालयमा प्राप्त भएको।
- APO तथा नेपालस्थित उत्पादकत्व संगठनको संयुक्त आयोजनामा सदस्य राष्ट्रका प्रतिनिधि



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

सहभागी Multi-Country Observational Study Mission on Gainsharing in Agriculture विषयक कार्यक्रम (Jan 7-9, 2026) र Capacity Building on Wellness Tourism Packaging, Marketing Accreditation and Certification कार्यक्रम सम्पन्न गरिएको। (December 1-3, 2025)

- औद्योगिक तथा लगानी वातावरण सुधारका लागि गरिएका प्रयासका सम्बन्धमा जानकारी गराउन नेपालस्थित बहुराष्ट्रिय कम्पनीसँग अन्तरक्रिया सम्पन्न भएको।
- स्वचालित मार्गबाट स्वीकृत हुने विदेशी लगानीमा रहेको सीमा हटाइएको ।
- मन्त्रालयको गतिविधि समेटीएको त्रैमासिक बुलेटिन र उद्योग तथा वाणिज्य पत्रिकाको नयाँ संस्करण (असार, २०८३) प्रकाशन गरिएको।

घ) द्विपक्षीय तथा क्षेत्रीय व्यापारः

- माननीय मन्त्री गौरी कुमारीज्यूसँग यू.ए.ई. सरकारका केन्द्रिय मन्त्री Minister of Foreign Trade, H.E. Dr. Thani Ahmed Al Zeyoudi नेतृत्वको प्रतिनिधिमण्डलबीच द्विपक्षीय बैठक सम्पन्न भएको।
- व्यापार लजिष्टिक्स नीति, २०७९ को कार्यान्वयन तथा समग्र व्यापार सहजीकरणका लागि Industrial and Trade Logistics Masterplan(2026-30) तर्जुमा तथा स्वीकृत भएको।
- भारतमा नेपालको चियाको निर्यातमा देखिएको समस्याको सम्बन्धमा गठित कार्यदलले तत्कालीन, मध्यकालीन र दीर्घकालीन सुझावसहितको प्रतिवेदन माननीय मन्त्रीज्यू समक्ष पेश गरेको।
- व्यापार नीति कार्यान्वयन तथा व्यापार सहजीकरणका लागि व्यापार लजिष्टिक सेवा प्रदायकहरूको मापदण्ड तथा सर्टिफिकेसन सम्बन्धी अवधारणापत्र तयार भएको, व्यापार पूर्वाधारहरू लक्षित सार्वजनिक निजी साझेदारी सम्बन्धी मार्गदर्शन तयार भएको र मालसामानको बहुविधिक ढुवानी ऐनमा समसामयिक संशोधनका लागि प्रारम्भिक मस्यौदा तयार भएको।
- माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरी कुमारीज्यूसँग जनवादी गणतन्त्र चीनका वाणिज्य मन्त्रालयका महामहिम उपमन्त्री Yan Dong को नेतृत्वमा २०८३ असार २३ गते नेपाल भ्रमणमा रहेको उच्चस्तरीय चिनियाँ प्रतिनिधिमण्डलको शिष्टाचार भेटघाट सम्पन्न भएको।
- उद्योग विभागबाट चीनतर्फ शून्य भन्सार दरमा निर्यात हुने वस्तुको उत्पत्तिको प्रमाणपत्र (Certificate of Origin) जारी गर्न विद्युतीय प्रणाली (Electronic Issuance System) कार्यान्वयनमा आएको।
- वाणिज्य सचिवस्तरीय Nepal-China Coordination Mechanism on Border Trade and Cooperation को तेस्रो बैठक चीनको ल्हासामा सम्पन्न भएको।
- नेपालबाट निर्यात हुने जुटमा भारत सरकारले Countervailing Duty र Safeguard Duty लगाउने सन्दर्भमा अनुसन्धान शुरु गरेको विषयमा नेपालको Position तयार गरी भारत सरकारलाई नेपाल पक्षको आधिकारिक जवाफ पठाइएको।



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

- कन्चनपुरको दोधारा-चाँदनीमा एकीकृत जाँच चौकी निमार्णका लागि आवश्यक सामग्री मेशीन उपकरण सहितको Master List स्वीकृत गरी अर्थ मन्त्रालयमा कर छुटको लागि सिफारिश गरी व्यापार पूर्वाधार निर्माणमा सहजीकरण गरीएको।
- नेपाल र भियतनामबीच व्यापार तथा लगानी फ्रेमवर्क सम्झौताको मस्यौदा भियतनामलाई परराष्ट्र मन्त्रालयमार्फत उपलव्ध गराइएको।
- शासकीय सुधार सम्बन्धी १०० कार्यसूचीको बुँदा नं. ८३ बमोजिम Maximum Retail Price (MRP) र आयात नियमन सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि १८ बुँदे कार्ययोजना तयार गरी सम्बद्ध निकायमा पठाइएको।

ङ) बहुपक्षीय व्यापार तथा व्यापार सहायताः

- सेवा व्यापार सम्बन्धी राष्ट्रिय एकीकृत रणनीति, २०८३ स्वीकृत भई कार्यान्वयनमा आएको।
- व्यापार घाटा न्युनीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९/८०-२०८४/८५ अद्यावधिक भई कार्यान्वयनमा आएको।
- वाणिज्य नीति, २०८१ को कार्यान्वयन कार्ययोजना, २०८३ स्वीकृत भई कार्यान्वयनमा आएको।
- गलैंचा, छुर्पी र अदुवा गरी तीनवटा वस्तुहरूको छुट्टाछुट्टै निर्यात रणनीतिहरू स्वीकृत भई कार्यान्वयनमा आएको ।
- निर्यात सम्भावना भएका वस्तुको भौगोलिक साङ्केतीकरण, ट्रेडमार्क, सामुहिक व्यापार चिन्ह. डिजाइन, पेटेन्ट, गोप्य व्यापारिक सूचना, प्रतिलिपि अधिकारलगायतका बौद्धिक सम्पत्ति संरक्षण र ट्रिप्स सम्झौता कार्यान्वयनको विषयमा सरोकारवाला निकायहरूलाई क्षमता अभिवृद्धि तालिम तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको।
- विश्व व्यापार संगठनको चौधौं मन्त्रीस्तरीय सम्मेलनमा सहभागिताको लागि नेपालको स्थितिपत्र तयार गरी नेपाली प्रतिनिधिमण्डलको सहभागिता भएको ।(March, २५-२९, २०२६)
- विश्व व्यापार संगठनको Agreement on Fisheries Subsidies अनुमोदन गरी विश्व व्यापार संगठनमा सूचीकृत गरिएको। साथै WTO Fish Fund मा नेपालको तर्फबाट परियोजना प्रस्ताव तयार गरी पठाइएको।
- UNESCAP को Framework Agreement on Cross Border Paperless Trade in The Asia and The Pacific को पक्ष राष्ट्र बन्ने सम्बन्धमा अध्ययन कार्य गरिएको।
- Enhanced Integrated Framework (EIF) अन्तर्गत को INFA परियोजना सम्पन्न भएपछी Semi-Annual Technical Report र Project Completion Report तयार गरी EIF को सचिवालयमा पठाइएको। EIF Phase III अन्तर्गत प्राप्त हुने सहायता प्राप्तिका लागि परियोजना प्रास्ताव तयार गरी EIF सचिवालयमा पेश गरिएको।
- UNOHRLLS र NPC को सहकार्यमा गरिएको LDC Graduation Readiness Assessment प्रतिवेदन तयार भएको।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

च) प्रशासन तथा संस्थानः

- आर्थिक वर्ष २०८१/०८२ को मन्त्रालयको व्यवस्थापन परीक्षण प्रतिवेदन तयार गरी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय पठाइएको।
- मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरी स्वीकृतिका लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको।
- सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी १ र Corporate Governance सम्बन्धी १ वटा अभिमूखीकरण कार्यक्रम सम्पन्न भएको।
- मन्त्रालय र अन्तर्गतका सबै विभागको Key Performance Indicator (KPI) तयार गरी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय पठाइएको।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगका उजुरी फछ्र्यौट सम्बन्धी छानबिन तथा राय प्रतिक्रिया सहितको प्रतिवेदन र जवाफ तयार गरी सबै उजुरी फछ्र्यौटका विवरण पठाइएको।
- सम्मानित अदालतबाट मन्त्रालयको नाममा जारी आदेश/निर्देशनको सर्बोच्च अदालतमा ३०, उच्च अदातलमा १५, प्रशासकीय अदालतमा ५ र उपभोक्ता अदालतमा १ लिखित जवाफ/प्रतिउत्तरपत्र पठाइएको।
- रु २१ करोड ८१ लाख बेरुजु मन्त्रालयबाट नियमित भई लगत कट्टाको लागि महालेखा परीक्षकको कार्यालयमा पेस भएको।
- मन्त्रालय सम्वद्ध सार्वजनिक संस्थानसँगको कार्यसम्पादन सम्झौता कार्यान्वयन तथा सेवा प्रवाह सुधार सम्बन्धी अभिमुखीकरण कार्यक्रम २०८२ फागुन १ मा सम्पन्न भएको। साथै निरन्तर अनुगमन निरीक्षण गरी पृष्ठपोषण दिइएको।
- रुग्ण उद्योगहरुको सञ्चालन मोडालिटी सम्बन्धमा निरन्तर विज्ञ परामर्श र छलफल भएको।

छ) आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षणः

- बजारमा अत्यावश्यक वस्तुहरुको मूल्य बृद्धि र आपूर्ति श्रृङ्खलाको सम्बन्धमा अध्ययन तथा विश्लेषण गरी मन्त्रालयमा प्रतिवेदन पेश गरिएको।
- मा. मन्त्रीज्यूको समुपस्थितिमा पेट्रोलियम पदार्थमा भएको मूल्य समायोजन अनुसार उपभोग्य वस्तुहरुको पनि मूल्य समायोजन गर्ने उदेश्यका साथ आपूर्ति व्यवस्थापन र मूल्य वृद्धि नियन्त्रण सम्बन्धी निजी क्षेत्रका छाता संगठनहरुसंग छलफल तथा अन्तर्किया भइ मूल्य समायोजन गर्न निर्देशन दिईएको।
